कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय, जुम्ला

## कृषि विकास कार्यक्रम संचालनका लागि सूचिकृत हुने तथा निवेदन पेश गर्ने सम्वन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/१०/१५**

कृषि विकास कार्यालय, जुम्लाको आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलमा उल्लेखित कार्यक्रमहरु संचालन गर्न यस जिल्लाका कृषि व्यवसायमा संलग्न कृषक समुह, सहकारी संस्था, व्यवसायीक कृषि फर्म/कृषि उद्योग/कृषि सामग्री सप्लायर्स र दर्तावाला कृषि उपभोक्ता समितिवाट निवेदन पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन (२०८१/११/०५ गते) कार्यालय समयावधि भित्र यस कार्यालयमा देहाय बमोजिमका कागजात संलग्न राखी सूचिकृत हुनुका साथै कार्य योजना सहितको निवेदन पेश गर्नुहुन अनुरोध छ। साथै सूचनाको अन्तिम दिन कुनै सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट कार्यालय खुल्ने दिन समेत निवेदन संकलन गरिनेछ।

**कार्यक्रम सम्बन्धी थप जानकारीको लागि फोन नं. ०८७-५२००२७, सूचना अधिकारी - ९८५८३६६२२७ र कार्यालयको वेबसाइडः adojumla.gov.np मार्फत जानकारी लिन सकिनेछ।**

तपसिलः

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | वजेट रु. हजारमा | न्यूनतम मापदण्डहरु |
|---|---|---|---|
| क प्रांगारिक कृषि प्रवर्द्धन, रैथाने बाली तथा पशुपन्छी विकास कार्यक्रम (PMAMP समेत) | | | |
| १. | प्राङ्गारीक कृषि प्रवर्द्धन कार्यक्रम (कृषि विभाग संघ सशर्त समेत) | १०००।- | ✓ एक कलष्टरमा एउटा रैथाने वालीको लागि कम्तीमा ४० रोपनी क्षेत्रफलमा खेती गर्नुपर्नेछ।<br>✓ स्पष्ट कार्य योजना सहितको प्रस्तावना । |
| २. | जैविक विषादी तथा जैविक मल अनुदानमा वितरण | ६८०।- | ✓ जैविक विषादी तथा जैविक मल उत्पादक कृषि फर्म, कृषक समुह, कृषि सहकारी संस्था तथा उद्योग ।<br>✓ जैविक विषादी तथा जैविक मल सप्लायर्स । |
| ख. स्याउ तथा ओखर विकास कार्यक्रम | | | |
| १ | ओखर विकास कार्यक्रम (ओखर वेर्नामा सहयोग) | ९००।- | ✓ प्रति व्यक्ति ५ रोपनी र अन्य सामुहिकको हकमा कम्तीमा १० रोपनीमा खेती गरिनु पर्ने। |
| २ | नदै स्याउ उत्पादन तथा प्रशोधन स्थापना तथा संचालन | ५८०।- | ✓ स्पष्ट कार्य योजना सहितको प्रस्तावना । |

२०८१/१०/१५
रामभक्त अधिकारी
कृषि अर्थ विज्ञ (सातौं)
निमित्त कार्यालय प्रमुख



CamScanner

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय, जुम्ला

| ग. प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना (PMAMP) | | | |
|---|---|---|---|
| १ | मार्सी धान बाली व्यवसायिक ब्लक विकास कार्यक्रम (पातारासी गाँउपालिका निरन्तरता) | ६००।- | ✓ गत आ.व. मा कार्यक्रम संचालन गरिएको विवरण र अन्य आवश्यक कागजातहरु |

**आवश्यक कागजातहरु:**

१. कार्यक्रममा सूचिकृत हुने तथा कार्यक्रम माग सम्बन्धी अनुसूचि-४ अनुसारको निवेदन र कृषि व्यवसाय गर्ने अनुसूची अनुसारको विवरण तथा प्रतिबद्धता

२. कार्यक्रम माग सम्बन्धी निर्णयको प्रतिलिपी

३. संस्था दर्ता प्रमाण - पत्रको प्रतिलिपी

४. गत आ.व. को संस्थाको लेखापरिक्षण भएको प्रतिवेदन प्रतिलिपी

५. कर बुझाएको वा कर छुट भएको भए सम्बन्धित कार्यालयको प्रमाण

६. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाणपत्रको प्रतिलिपी

७. कार्यविधि २०८१ अनुसार निवेदन दर्ता गर्दा १ लाख देखि ५ लाखसम्मको प्रस्तावनामा रु १००। र सोभन्दा माथिको प्रस्तावनामा रु ५००। को राजश्व जम्मा गरेको भौचर ।
(राजश्व शिर्षक नं १४२२९ अन्य प्रशासनिक सेवा शुल्क कार्यालयकव कोड नं ३१२०१६२०२६ कार्यालय कृषि विकास कार्यालय जुम्ला)
कार्यालयको कोड नं अन्य सेवा शुल्क खर्च शिर्षक नं. १४२२९

८. नागरिकताको फोटोकपी र सम्बन्धित स्थानिय तहको सिफारिस पत्र

पुनश्चः अन्य कागजात तथा प्रक्रिया कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि-२०८१ र अन्य प्रचलित ऐन, नियम अनुसार हुनेछ।

२०८१।१०।१५

रामभक्त अधिकारी
कृषि अर्थ विज्ञ (सातौं)
निमित्त कार्यालय प्रमुख

"अर्गानिक खेतिमा वृद्धि, कर्णालीको समृद्धि"

टेलिफोन नं: ०८७-५२००३७
ईमेल:- akojumla@gmail.com wedsite adojumla.gov.np

CamScanner